नि.का.सप्तरी द.नं. १(१०३९/०६/१८)-०३९/०४०
# नवीन
## साप्ताहिक
म.नि.हु.का.द.नं. ६/०६४/०६५
वर्ष ४० अंक ३१ २०७८ साल फागुन १५ गते आइतवार (27 Feb. 2022 Sunday) मूल्य रु. ७/-

लैङ्गिक समानता बोलेर वा लेखेर मात्र प्राप्त हुँदैन । परिणाम प्राप्तिका लागि प्रत्येक व्यक्तिले व्यवहारिक सुरूवात आफैबाट गर्नुपर्दछ । परिवर्तनको प्रारम्भ आफ्नै घरबाट गरौ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र* – पृष्ठ २ मा : जनमत पार्टीद्वारा निर्वाचन ... पृष्ठ ३ मा : नेपाल सामरिक ... पृष्ठ ४ मा : हर्टअट्याक हुने ८ कारण ... पृष्ठ ५ मा : युक्रेनमा रूसी आक्रमणको ...

# काँग्रेस सप्तरीको सभापतिमा यादव र साहको उम्मेदवारी घोषणा



शत्रुधन यादव



रामदेव साह

**राजविराज**/नपालो काँग्रेस सप्तरीको जिल्ला अधिवेशनका लागि सभापति पदमा शत्रुधन यादव र रामदेव साहले उम्मेदवारी दिने घोषणा गरेका छन् । यादव संस्थापन पक्षबाट र साह इतर पक्षबाट उम्मेदवारी दिने घोषणा गरेका हुन् ।

पार्टीका केन्द्रीय सदस्य समेत रहेका वर्तमान जिल्ला सभापती दिनेश कुमार यादवको उपस्थितीमा मंगलवार एक कार्यक्रमबीच यादवको नाम घोषणा गरिएको हो ।

जिल्ला उपसभापती भुवन आर्चायको अध्यक्षतामा आयोजित कार्यक्रममा काँग्रेसको क्षेत्र नं. १ का सभापती ललन प्रसाद गुप्ता, क्षेत्र नं.२ का सभापती महानन्द यादव, क्षेत्र नं ३ का सभापती भुपेन्द्र यादव मधेश प्रदेशका सहमहामन्त्री परशुराम चौधरी, प्रदेश सभा सदस्य मो.समिम, गिता यादव, संविधान सभा सदस्य डा.सुबोध पोखरेल, सुरेन्द्र यादव लगायतले पनी बोल्दै पार्टी हितका लागी संस्थापन पक्षका उम्मेदवार यादव नेतृत्वको टिमलाई जिताउनु पर्नेमा जोड दिएका थिए ।

यस्तै संस्थापन पक्षले उम्मेदवार घोषणा गरे लगतै भोली पल्ट बुधबार इतर पक्षले पनि साहको नाम घोषणा गऱ्यो । घोषणा कार्यक्रमबाट साहले घोषणा सभामा आफू काँग्रेसका बरिष्ठ नेता डा. शेखर कोइरालाको पक्षबाट सभापति पदमा उम्मेदवारी दिने घोषणा गरे ।

उम्मेदवार घोषणा कार्यक्रममा संघीय सांसद तेजुलाल चौधरी, संविधानसभा सदस्य रन्जित कर्ण, क्षेत्र नं ४ का सभापति सीताराम साह, जिल्ला कोषाध्यक्ष शिवनारायण चौधरी, उमेश मिश्रा, विकेश्वर यादव बिमल, भोगेन्द्र झा, बद्री महात्मान, रामु यादव लगायतले नेपाली काँग्रेस भित्र समावेशी लोकतन्त्र कायम गर्न साहको प्यानललाई जिताउन आग्रह गरेका थिए ।

काँग्रेसको १४ औं महाधिवेश अन्तरगत जिल्लामा वडा, गाउँ, नगर, प्रदेश र केन्द्रका प्रतिनिधिका लागि भएको निर्वाचनमा अधिकांश संस्थापन पक्षका निर्वाचित भएका छन् ।

# एक पक्षिय ढंगले कार्यसमिति बिस्तार गरेको भन्दै लोसपा कार्यालयमा तालाबन्दी

**राजविराज**/एक पक्षिय रुपमा जिल्ला कार्य समिति बिस्तार गरेको भन्दै असन्तुष्ट नेता तथा कार्यकर्ताहरुले लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) सप्तरीको कार्यालयमा शुक्रबार तालाबन्दी गरेका छन् ।

जिल्ला कार्यसमितिमा पुराना र सक्रिय कार्यकर्तालाई पाखा लगाई आफन्त तथा आसेपासेलाई प्राथमिकता दिएर कार्यसमिति बिस्तार गरिएको भन्दै त्रृटी नसच्याएसम्म तालाबन्दी यथावत रहने महिला नेतृ रिना झाले बताईन् ।

लोसपाका बिरेन्द्र यादव, सदानन्द शर्मा, शिवलखन मण्डल, बालबोध झा, सत्ययेन्द्र प्रसाद देव लगाययतका स्थानिय नेता तथा कार्यकर्ताले त्रृटीपूर्ण निर्णय नसच्याएसम्म तालाबन्दी जारि रहने बताए ।

यसअघि लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपाल सप्तरीको ७६ सदस्यीय जिल्ला कार्यसमिति बिस्तार गरेको छ ।

पार्टीका जिल्ला अध्यक्ष सुनिल कुमार झाको अध्यक्षतमा मंगलबार बसेको बैठकले तीन उपाध्यक्ष, एक सचिव, तीन सहसचिव, एक कोषाध्यक्ष, ६ जना कार्यकारिणी सदस्य गरि ७६ जनाको कार्यसमिति बिस्तार गरिएको जारि विज्ञप्तिमा उल्लेख छ ।

बिस्तारित पार्टीको उपाध्यक्ष त्रेयमा बौआलाल शर्मा, तेजनारायण यादव र राजेन्द्र प्रसाद दासलाई नियुक्त गरिएको छ । त्यस्तै

*बाँकी अन्तिम पृष्ठमा*

# माग पुरा गर्ने निर्णय पश्चात् मजदुर संघको आन्दोलन फिर्ता

**राजविराज**/राजविराज नगरपालिकाले अखिल नेपाल विद्युतिय रिक्सा, अटो, टेम्पो मजदुर संघले उठाउँदै आएको ८ बुँदे माग पुरा गर्ने निर्णय गरेपछि आन्दोलन फिर्ता भएको छ ।

बुधबार मजदुर संघ र राजविराज नगरपालिकाबीच भएको वार्ता पश्चात् मागहरु सम्बोधन गर्ने निर्णय भएपछि आन्दोलन फिर्ता भएको हो ।

मजदुर संघले उठाएको मागहरुमा सखडा, पत्थरगाढा, नर्घोका लागि हुलाकी राजमार्गमा पर्ने गनु बाबुको जग्गाबाट सिटी टेम्पु संचालन गर्ने, कुनौली जानका लागि मिलन चौकबाट सिटि टेम्पु लगायत संचालन गर्ने, हनुमाननगर, भारदह जानका लागि स्वास्थ्य कार्यालय अगाडीबाट संचालन गर्ने, कंचनपुर जानका लागि सिन्हा ग्यारेज अगाडी पिपल बोटबाट, रुपनी, लहान जानका लागि प्रहरी तालिम केन्द्रको बाटो छेउबाट, स्थानिय सिटी, टेमपो संचालनका लागि भन्साली ट्रेडर्स राजविराज, तेतरी गाछी, राजदेवी बसपार्क अगाडीबाट संचालन गर्ने र बोड स्टेन्डको जिम्मा नगरपालिकाबाट दिने निर्णय भएको छ ।

त्यस्तै फुटपात पसलहरुलाई बाटो नराखी नालासम्म व्यवस्थित गर्ने, छाडा चौपाया नियन्त्रणका लागि अविलम्ब काँजी हाउसको व्यवस्था गर्ने, नगर क्षेत्रको पेटीहरुमा राखिएको सरसामान तथा बोड हटाउने तथा बस पार्कबाट एक महिनाभित्र लामो तथा छोटो दुरीका सवारीसाधन संचालन गर्ने लगायतका निर्णय भएको छ ।

वार्तामा राजबिराज नगर पालिका वडा नं. ६ का वडा अध्यक्ष प्रेमकुमार यादव, मजदुरहरुको तर्फबाट अखिल नेपाल ट्रेड युनियन महासंघका मधेश प्रदेश सचिव केदार देव, जिल्ला अध्यक्ष रामचन्द्र यादव, वाइसिएलकाका नगर अध्यक्ष संजय कुमार दास लगायत मजदुरहरुको समेत उपस्थिति रहेको थियो ।

**सामाजिक सञ्जालको दुरुपयोगबारे सचेत रहौं ।**

- आफुले प्रयोग गर्ने मोबाईल, कम्प्युटर जस्ता विद्युतीय उपकरण प्रयोग गरिसकेपछि सधै लगआउट गरौं ।
- अरुलाई आफ्नो एकाउण्टको पासवर्ड नदिउँ ।
- साथीभाई वा अन्यको फोटो तथा भिडियो खिच्नु र सामाजिक सञ्जालमा राख्नु अघि अनुमति लिऔं ।
- अपरीचित व्यक्तिको साथी बन्ने प्रस्ताव आए अस्वीकार गरौं ।
- सामाजिक सञ्जालमै चिनेको भरमा बोलाएको ठाउँमा भेट्न नजाऔं ।
- सामाजिक जीवनमा गर्न नमिल्ने काम तथा व्यवहार सामाजिक सञ्जालमा पोष्ट वा शेयर नगरौं ।
- सामाजिक सञ्जालमा देखिएका भ्रामक, आधिकारीता नभएका सूचना सन्देश, फोटो तथा भिडियो शेयर नगरौं ।
- कसैको मर्यादा, प्रतिष्ठा तथा सम्मानमा आँच आउने खालका सूचना तथा सन्देश पोष्ट वा शेयर नगरौं ।
- शंकास्पद तथा अशोभनीय सन्देश प्राप्त भए प्रतिपाद गरौं र रेकर्डको लागि सुरक्षित राखौं ।

सामाजिक सञ्जालको उपयोगमा सचेत बनौं र त्यसवाट हुनसक्ने अपराधिक क्रियाकलाप नियन्त्रण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

# युवालाई अवसर देऊ

यूव शक्ति भनेको यस्तो शक्ति हो जसले कुनै पनि मुलुकको राजनीतिक, आर्थिक र सामाजिक परिवेशलाई परिवर्तन गर्न सक्छ । यूवाहरुको जोश जागरका कारण कुनै पनि कार्यले सफलता पाउन सक्छ । यति मात्र नभएर मुलुकको विकासमा यूवाको अहम भूमिका हुन्छ ।

देशको मेरुदण्डको रुपमा मानिएको युवा शक्तिले चाहेमा आफ्नो देश तथा समाजलाई निश्चित रुपमा परिवर्तन गर्न सक्ने क्षमता देखाएका छन् । युवा शक्तिलाई आफ्नै देशमा परिचालन गरेर देशको मुहार परिवर्तन गर्नेदेखि समाज परिवर्तनमा समेत सरहानिय भुमिका निर्वाह गर्न सक्छन् ।

देश तथा समाजको हरेक निकायलाई अगाडी बढाउनका लागि अहिलेको परिवर्तनशिल युगमा युवा नेतृत्वको निकै खाँचो रहेको देखिन्छ । तसर्थ युवा शक्तिहरुलाई वेवास्ता नगरिकन उनीहरुको श्रमको सम्मान गरि आफ्नो गाउँ, टोल र समाज निर्माणको कार्यमा लगाउन सकिए पक्कै नै सफलता हासिल गर्न सकिने कुरामा दुई मत नहोला ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह

Dr. Saroj Kumar Sah

MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288

हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव

Dr. Jayanti Yadav

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312

बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

बाँझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569


# जनमत पार्टीद्वारा निर्वाचन प्रक्रिया रोक्ने चेतावनी



**राजविराज**/जनमत पार्टीले आफुहरुले उठाउँदै आएको पाँच बुंदे माग सम्बोधन नभए निर्वाचन प्रक्रिया रोक्ने चेतावनी दिएको छ ।

राजविराजस्थित जिल्ला निर्वाचन कार्यालयमा बुझाइएको ज्ञापन पत्रमार्फत सो चेतावनी दिएको हो । किसानसंग सम्बन्धित तथा निर्वाचन प्रक्रियामा सुधारलगायतको माग सम्बोधन नभए निर्वाचन प्रक्रिया रोक्ने पार्टीले चेतावनी दिएको छ ।

पार्टीका जिल्ला अध्यक्ष चन्देश्वर मण्डलको अगुवाईमा निर्वाचन कार्यालयका प्रमुख रमेश जोशीलाई बुझाइएको ज्ञापन पत्रमा पार्टीले उठाउँदै आएको किसानको समस्या समाधानको ठोस पहल हुनु पर्ने, निर्वाचनका पदाधीकारी र कर्मचारी कुनै पनि दलको पक्षमा नलागी स्वतन्त्र र निष्पक्ष ढंगले निर्वाचन काममा खटिनु पर्ने, परिचय पत्र हराएका वा नष्ट भएका मतदातालाई नयाँ परिचय पत्र बनाउनु पर्ने र नागरिकताको आधारमा पनि मतदान गर्न पाउनु पर्ने व्यवस्था गर्न माग गरिएको छ ।

यस्तै निर्वाचन आयोगमा दर्ता रहेका र चुनाव चिन्ह पाईसकेका दलहरुलाई अगामी स्थानीय तहको निर्वाचनमा देशभरी सोही चुनाव चिन्हको आधारमा निर्वाचनमा भाग लिन पाउने व्यवस्था गर्नू पर्ने लगायतका माग अघि सारिएको पार्टीका सप्तरी सचिव थानेश्वर प्रसाद साहले जानकारी दिएका छन् ।

ज्ञापन पत्र बुझाउन अघि जनमत पार्टी नेता कार्यकर्ताले सदरमुकाम राजविराजमा किसानसंग सम्बन्धित मागहरु अविलम्व पुरा गर्न माग गर्दै प्रर्दशन समेत गरेका थिए ।

जिल्ला प्रशासन कार्यालय, निर्वाचन आयोगको कार्यालय र मन्त्री परिषद्को कार्यालयलाई बोधार्थ दिइएको ज्ञापन पत्रमार्फत माग पुरा नगरी निर्वाचन प्रक्रिया अघि नबढाउन भनिएको छ ।

# सप्तरीमा ४ लाख २४ हजार ७ सय ९ मतदाता




**राजविराज**/जिल्ला निर्वाचन कार्यालय सप्तरीले जिल्लामा ४ लाख २४ हजार ७ सय ९ मतदाता पुगेको जनाएको छ ।

जिल्ला निर्वाचन कार्यालय सप्तरीका प्रमुख रमेशकुमार जोशीका अनुसार गत मंसिरदेखी चलाइएको मतदाता नामावली संकलन अभियानका क्रममा ३० हजार ४ सय २८ महिला र ३० हजार ३ सय ३७ पुरुष नयाँ मतदाता थपिएको हो । जुन अघिल्लो निर्वाचन भन्दा ६० हजार ७ सय बढी हो ।

योसँगै जिल्लामा २ लाख २१ हजार १ सय २५ पुरुष, २ लाख ३ हजार ५ सय ६२ महिला र २२ तेश्रोलिंगि गरि कुल मतदाताको संख्या ४ लाख २४ हजार ७ सय ९ पुगेको हो ।

यसरी थपिएको मतदातामा महिलाको संख्या बढी देखिएको छ । यसमध्ये दोहोरो परेका मतदाताको नामावली घटाइने र बैशाख २९ सम्म मतदान गर्ने उमेर पुगेकालाई समावेश गरिने भएकाले मतदाता संख्यामा केही थपघट हुन सक्ने कार्यालय प्रमुख जोशीको भनाई छ ।

निर्वाचनको तिथि घोषणा भएपछि माघ २५ गतेदेखी मतदाता नामावली संकलन अभियान रोकिएको र अभियानबाट संकलित नामावलीको चेकजाच र व्यवस्थित गर्ने काम धमाधम भइरहेको उनले जानकारी दिए ।

उनले मतदाता सूचीमा नाम भएको तथा परिचयपत्र हराएको वा नष्ट भएको व्यक्तिलाई फागुन २० गतेभित्र वडाको सिफारिससहित व्यक्ति स्वयम उपस्थित भई जिल्ला निर्वाचन कार्यालयमा निवेदन दिनु पर्ने सूचनासमेत जारि गरिसकिएको बताए । उनले फागुन १९देखी फागुन २६ सम्म मतदाता नामावली अधावधिक एवं दाबी बिरोधको समय तालिका निर्धारण गरिएको जानकारी दिदै समयमै सम्बन्धीत मतदातालाई निर्वाचन कार्यालयमा सम्पर्क गर्न आग्रह समेत गरेका छन् ।


## खाद्य उद्योगी किराना पसल सञ्चालक एवं होटेल, मिठाई पसल रेष्टुरेन्ट सञ्चालकमा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराजको अनुरोध

१. खाद्य पदार्थ एवं तैयारी खानेकुरालाई छोपेर राख्नुहोला एवं पूर्ण लेवल विवरण भएको पदार्थ प्रयोग गर्नु होला ।
२. बासी सडेगलेका एवं झिंगा भनकेका खानेकुराहरू नबेच्नु होला ।
३. पकाउनु पर्ने वा तारेर खाने कुनै पनि खानेकुरामा रंगको प्रयोग नगर्नुहोला ।
४. तेलको प्रयोगमा सावधानी अपनाउनु होला साथै एउटै तेललाई पटक-पटक प्रयोग नगर्नुहोला ।
५. मिठाईमा हाईड्रो जस्ता अखाद्य रंग प्रयोग नगर्नुहोला ।
६. पिउने पानीलाई स्वच्छ र सफा तरिकाले राख्नुहोला ।
७. खाद्य पदार्थ तैयार गर्ने र बाँड्ने व्यक्तिको आफ्नो व्यक्तिगत सर-सफाईमा ध्यान दिनु होला ।
८. किराना पसल सञ्चालकहरुले ब्याच नम्बर उल्लेख नभएको उत्पादन मिति, उपभोग्य मिति सकेको खाद्य पदार्थ बिक्री वितरण नगरौं ।
९. खाद्य उद्योगीले खाद्य अनुज्ञापत्र लिई मात्र उत्पादित खाद्य पदार्थ बिक्री वितरण गर्नुहोला ।
१०. मासु व्यवसायीले अखाद्य रंगको प्रयोग नगर्नुहोला ।

गुनासोका लागि
खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराज, सप्तरी
०३१-५२२५२३

# नेपाल सामरिक युद्धभूमि नबनोस्




नेपाली राजनीतिक वृत्तलाई अमेरिकी सहायता परियोजना मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) ले अत्यन्त तरलीकृत तुल्याएको छ। सरकार, सदन र सडक तातेका छन्। झिनो बहुमत बोकेको नेपाली काँग्रेस नेतृत्वको ५ दलीय गठबन्धन सरकारका दलहरूबीच पनि सहमती नहुँदा नेपाली काँग्रेस यसलाई जसरी पनि संसद्बाट पास गर्ने दौडमा लागेको छ। यिनै विरोधाभास र सङ्घर्षहरूबीच यो सम्झौता संसद्मा टेबुल पनि भएको छ।

बहुसङ्ख्यक नेपाली जनता यस सम्झौताका प्रावधानहरूलाई राष्ट्रहित विरोधी, असमान र संशयपूर्ण मानिरहेका छन्। नेपाली राष्ट्रियता, स्वाभिमान र संविधानको प्रतिकूल देखिएको यस सम्झौतालाई संसद्बाट पास गर्नुपर्दैन भन्ने उनीहरूको मनोभावना रहेको छ। पहिले नै सदनमा पेश गर्न खोजेको तर असफल भएको अहिलेको प्रतिपक्षी एमाले भने परियोजनाबारे रमिते बनिरहेको छ। सधैँ उखान टुक्कामार्फत हसाउँदै आएका ओली अहिले एससीसीको आगो सल्काएर गठबन्धन तोडिने तथा दलहरू र जनताबीच ध्रुवीकरण ल्याउन सफल भएकोमा बाल्कोटको बार्दमीबाट रमिता हेरिरहेका छन्। एमाले बाहेकका बामपन्थीमा पनि एउटा समूह संशोधनबाट पास गर्नुपर्ने पक्षमा छ भने केही बामपन्थीहरू यसलाई पूरै बहिष्कार गरिरहेका छन्।

वास्तवमा यो सम्झौताभित्रको अन्तर्य के हो भन्ने तथ्यको खोजी नगरी पासफेलमा ध्रुवीकृत हुनु राष्ट्रका लागि गम्भीर कुरा हो। संयुक्त राज्य अमेरिकाको वर्तमान र भविष्यमा बन्ने कानुनको पूर्ण रूपमा पालन गर्नुपर्ने र अमेरिकी सुरक्षा नीतिसँग बाझिएमा नेपालको कानुन निष्क्रिय हुने विषयलाई नजरअन्दाज गर्नै मिल्दैन। त्यस्तै परियोजना सम्पन्न भएपछि उक्त बौद्धिक सम्पत्तिमाथि नेपालको अधिकार नहुने, परियोजनाले अधिग्रहण गरेको जमिनको लालपुर्जामाथि नेपालको अधिकार नरहने, नेपाल सरकारले गठन गरेको एमसीएलाई स्वायत्तता दिनुपर्ने एवं नेपाल सरकारको मातहतमा एमसीए होइन उसकै निर्णय नेपाल सरकारले मान्नुपर्ने, परियोजना सञ्चालनका क्रममा सामान खरिद, कर्मचारी नियुक्ति, बैङ्क खाता, कारोबार, कर भुक्तानी तथा लेखापरीक्षणमा नेपाल सरकारको संलग्नता नहुने, परियोजनामा आउने सरसामानमा भन्सार लगायतका कर छुट हुने, प्राविधिक, कर्मचारी, श्रमिक तथा अन्य व्यक्तिको छनोट नेपालले गर्न नपाउने, विद्युत् ट्रान्समिसन लाइन निर्माण, विस्तार तथा सडक मर्मतमा एमसीसीका अवधारणाअनुसार स्वतन्त्र र समानान्तर निकायहरू बन्ने, नेपालीको १३ करोड डलर लगानीप्रति नेपाल सरकारले कुनै प्रश्न उठाउन वा योजनामा भाग लिन वा नियन्त्रण गर्न नपाउने जस्ता प्रावधान संशोधनबिना पास गर्नु राष्ट्रघात हुने निश्चित छ। यो परियोजना नवऔपनिवेशिक, नवउदारवादी तथा साम्राज्यवादी हुनाले नेपालको संविधानले परिकल्पना गरेको समाजवादसँग यो पटक्कै मिल्दैन पनि।

विश्लेषकहरू सुरुको सम्झौताभन्दा एमालेको सरकारको पालामा चीन र अमेरिकाबीच शीत युद्ध चर्कँदै जाँदा यसमा अमेरिकी स्वार्थका प्रावधानहरू थपिएको बताउँछन्। अनि केही तथ्यहरूले समेत यो नेपाली जनताको भन्दा पनि अमेरिकी स्वार्थमा आधारित छ भन्ने पुष्ट्याउँछ। किन अमेरिका यो सहयोग दिन आतुर छ? यस सम्झौतालाई किन संसद्बाट अनुमोदन गर्नुपर्ने हो? यसलाई अन्तर्राष्ट्रिय सम्झौता किन भनियो? नेपालका शिक्षा, स्वास्थ्य जस्ता प्राथमिकता छाडेर विद्युत् नै उसले किन रोज्यो? यो नेपालले मागेको हो वा माग्न लगाइएको हो? नेपालले थ्रेसहोल्ड आधा पनि पूरा नगर्दै यो परियोजना किन पायो? आयोजनाका सक्कल कागजातहरू उसलाई बुझाउनुपर्ने किन? यस्ता थुप्रै प्रश्न अनुत्तरित छन् र नेपालीका मस्तिष्कलाई घुमाइरहेका छन्।

सन् २०१८ को डिसेम्बरमा तत्कालीन परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवालीले कूटनीतिक मर्यादाविपरीत आईपीएसको सदस्य बन्ने सम्झौतामा हस्ताक्षर गरी पार्टी र जनतासँग झुट बोलेको तर आईपीएसको वार्षिक प्रतिवेदनको पृ.३८ ले सो पुष्टि गरेको विगत हाम्रो सामु छ। तत्कालीन विदेश सहायक मन्त्री एसिल वैल्स, रक्षा मन्त्री डेभिड जे रान्ज, दूतावास अधिकारी कार्ल रोजोर्स आदिले आईपीएसको अङ्गका रूपमा यसको चर्चा गरेका छन्। यसरी परियोजना अघि बढ्दै गर्दा पछि स्थापना भएको आईपीएसमा अमेरिकाले एमसीसीलाई त्यसअन्तर्गत राखेको कुरा निकै शङ्कास्पद छ। ५ वर्षमा समाप्त हुने भनिए पनि बुँदा २.७, २.८, ३.२.(च) ३.७, ३.८, ५.२, ५.५, ६.४ का विभिन्न प्रयोजनमा यो परियोजना अल्झिएर पछिसम्म रहने उल्लेख छ। यी विषय अत्यन्त गम्भीर र दूरगामी असर पार्ने खालका हुनाले पनि सोचनीय बनेका छन्।

अमेरिका यस सम्झौतालाई असंशोधनीय भन्दै नेपाललाई कूटनीतिक दबाब दिँदै आएको छ भने चीन लगायतका मित्रराष्ट्रहरू नेपालीलाई आत्मनिर्णयको अधिकार सुनिश्चित गर्नुपर्ने धारणा राख्दै आएका छन्। शक्ति राष्ट्रहरूका यी क्रिया प्रतिक्रियाले नेपाली भूमि कतै सामरिक युद्धभूमि बन्ने त होइन भन्ने भयले आज नेपालीलाई नराम्ररी पिरोलेको छ। यो पास भए नेपालीले स्वाधीनताका लागि विस्तारवादी नवपुँजीवादसँग कठिन सङ्घर्ष गर्नुपर्ने र फेल गर्दा वैदेशिक सम्बन्ध बिग्रिएर नेपालीको समृद्धिको चाहना अधुरै रहने भन्ने अन्योलले आज स्वाभिमानी नेपाली विभाजित भएका छन्। राष्ट्रियताको सबालमा यस्तो जटिल परिस्थिति इतिहासमा कहिल्यै आएको थिएन भन्ने पनि छन्। तर हामी नेपाली आफ्नै विश्वासपात्र नेता र राष्ट्रवादी कर्मचारीको अकर्मण्यता, व्यक्तिगत स्वार्थ र असक्षमताको कोपभाजनमा परेका छौं।

आखिर हाम्रा राजनीतिक पार्टी र नेतृत्व यतिबेला किन यस्ता गैरजिम्मेवार, अदूरदर्शी, डरपोक अनि स्वार्थी देखिँदैछन्। यस्तो संवेदनशील कुरामा किन राष्ट्रिय सहमती जुट्दैन? राजनीति नै राज्य निर्माणको मूल नीति हो। नेपाली राजनीति प्रतिदिन अलोकप्रियताको खाडलमा खस्नु भनेको देशको दुर्भाग्य हो। यस्तो हुन नदिन सचेत नेपालीले गरेको अपिल, युवाको सडक विद्रोह, स्वाभिमानी राष्ट्रभक्तहरूको स्वतःस्फूर्त प्रदर्शन अनि जिम्मेवार नागरिकको विरोधलाई नजरअन्दाज गर्नु ठूलो भूल हुनेछ। यो सम्झौता जबरजस्त पारित गरिएमा जनविद्रोह थप बढ्ने निश्चित छ। आयोजनाका काम प्रभावित हुनेछन्। यही निहुँमा अमेरिका धमिलो पानीमा माछा मार्न अवश्य आउनेछ। सम्झौता धेरै गिजोलिएको र अन्तर्यका संशयपूर्ण कुरा बाहिर निस्किएकाले बरु यसलाई रद्द नै गर्नु बुद्धिमानी हुनेछ। यसले अमेरिका रुष्ट त होला र सम्बन्ध तोडेर नाकाबन्दीमा पुग्ला भन्ने आशङ्का गर्नु एक मिथ्या मात्र हो। यदि साँच्चै त्यसो भयो भने यसभित्र लुकेको ठूलो अमेरिकी स्वार्थको पर्दाफास हुनेछ।

जे होस् यो सबाल जनप्रतिनिधिसमक्ष सदनमा आइपुगेको छ। राष्ट्र, राष्ट्रियता र स्वाभिमानको रक्षामा एकीकृत आवाज उठाउने बेला आएको छ। आफूलाई प्रगतिशील, राष्ट्रवादी, देशभक्त, बौद्धिक एवं सचेत वर्ग ठान्ने विधायकहरूको आफ्नो अग्निपरीक्षा सुरु भइसकेको छ। सत्तास्वार्थ वा व्यक्तिगत नाफाघाटामा नअल्झिएर जनताप्रतिको इमानदारिता देखाउने यस सङ्गीन घडीमा पनि जनप्रतिनिधि तथा जिम्मेवार वर्ग औंठाछाप वा लाटोकोसेरो बनिदिए भने राष्ट्रले तिनलाई कहिल्यै क्षमा दिने छैन। सांसदहरूले संसद्बाट सिक्किमलाई भारतमा गाभेको इतिहास नजिकै छ। यदि त्यसो भए नेताको यस भुलको साँवाब्याज तिर्न हाम्रा सन्तान दरसन्तानले युगौं युगसम्म सिरिया, लिबिया, अफगानिस्तान आदि देशले जस्तो नियति भोग्नुपर्नेछ।

तसर्थ सम्झौता पढ्दै नपढी वा विदेशी प्रभुलाई खुसी पार्न वा पार्टीगत स्वार्थमा लाग्न पटक्कै हुँदैन। राष्ट्रिय स्रोतसम्बन्धी सम्झौता सदनमा पेस गर्ने प्रावधान संविधानमै नभएकाले टेबल गर्ने काम असंवैधानिक छ र पनि यो सदनमा पेस भएको र प्रक्रियामा अघि बढ्न लागेको हुँदा उपस्थितको बहुमत वा ध्वनिमत वा संसद्को बहुमतले मात्र पास गर्नु राष्ट्रघात हुनेछ। यस्ता विवादित सम्झौता दुई तिहाइले पास गर्नुपर्छ। सार्वभौम, स्वतन्त्र, शान्त र कर्मठ नेपालीको सुन्दर देशलाई कुरूप बनाउन खोज्नु खेदजनक छ। हामी पञ्चशीलको सिद्धान्त बोकी असंलग्न परराष्ट्र नीति अवलम्बन गर्दै अघि बढ्ने र संयुक्त राष्ट्रसङ्घप्रति प्रतिबद्ध रहने मौलिक विशेषतायुक्त सार्वभौम राष्ट्रप्रति गर्व गर्छौं। सत्ताभन्दा स्वाभिमानी नेपालीको साथलाई बढी भरोसा गरौं। एमसीसीलाई अस्वीकार गरौं। रातोपाटीबाट



डाक्नेश्वरी नगर कार्यपालिकाको कार्यालय सप्तरी

# हर्टअट्याक हुने ८ कारण र जोगिने १५ तरिका

हर्टअट्याक (हृदयाघात) अकस्मात हुने मुटुको रोग हो। त्यसैले हर्टअट्याक हुने लक्ष्यणहरु पनि अचानक सुरु हुन्छ। छातीको बिच भागमा वा बायाँतिर दुख्ने वा पोलेको जस्तो अनुभव हुने, छातीमा दबाव भएको महसुस हुने, छाती हल्का दुखी राख्ने। यी लक्ष्यणसहित पसिना आउने, वाकवाकी लाग्ने, वान्ता हुने, डर लाग्ने, छटपटी हुने, मुटु छिटोछिटो ढुकढुक गर्ने, रिंगटा लाग्ने भएमा हर्टअट्याकको सम्भावना अधिक हुन्छ। यस्ता लक्ष्यण देखीएमा तुरुन्तै अस्पताल जानुपर्छ। तल उल्लेखित कुनैपनि कारण तपाईसंग मिल्दोजुल्दो छ भने तपाई हर्टअट्याकको जोखिममा हुनुहुन्छ।

**हर्टअट्याक हुने ८ कारण : उच्च कोलेस्टेरोल**

उच्च कोलेस्टेरोलले हर्टअट्याकको खतरा ३ गुणा बढाँउछ। रगतमा कालेस्टेरोलको मात्रा जति धेरै हुन्छ, हर्टअट्याकको खतरा पनि त्यति नै धेरै हुन्छ। युवा अवस्थामा देखिने हर्टअट्याकको प्रमुख कारणमा उच्च कोलेस्टेराल र ध्रुम्रपान मानिन्छ।

**धुम्रपान**

धुम्रपानले हर्टअट्याकको सम्भावना २ देखि ४ गुणा बढाउछ। जति धेरै पटक धुम्रपान गर्यो त्यति नै हर्टअट्याकको सम्भावना बढ्दै जान्छ। मधुमेह, उच्च रक्तचाप र उच्च कोलेस्टेरोल भएका व्यक्तिलाई धुम्रपान अत्यन्तै खतरा मानिन्छ।

**उच्च रक्तचाप**

उच्च रक्तचाप भएको व्यक्तिमा हर्टअट्याकको सम्भावना २ गुणा बढि हुन्छ।

**मधुमेह**

मधुमेह भएका व्यक्तिमा हर्टअट्याकको सम्भावना २ देखि ३ गुणा बढी हुन्छ। लामो समयदेखी मधुमेह छ भने हर्टअट्याकको सम्भावना झन् बढी हुन्छ। मधुमेह भएका मानिसले रक्तचाप र कोलेस्टेरोल नियन्त्रण नगरे हर्टअट्याक हुने सम्भावना धेरै हुन्छ।

**मोटोपना**

मोटोपना र पेट ठुलो भएका मानिसमा हर्टअट्याकको सम्भावना हुन्छ।

**वंशाणुगत**

परिवारमा कसैलाई हर्टअट्याक (पुरुषलाई ४५ र महिलालाई ५५ वर्षभित्र) भएको छ भने अन्य सदस्यलाई पनि



हर्टअट्याक हुने सम्भावना हुन्छ।

**अत्याधिक मदिरा सेवन**

नियमित अत्याधिक मदिरा सेवन गर्ने र एकैपटक धेरै मदिरा सेवन गर्ने मानिसलाई पनि हर्टअट्याकको सम्भवना हुन्छ।

**मानसिक तनाव**

मानसिक तनाव वा डिप्रसन भएका मानिसलाई पनि हर्टअट्याकको सम्भावना हुन्छ।

**हर्टअट्याकबाट जोगिने १५ तरिका**

१. शरीरको तौल नियन्त्रण गर्ने।

२. सामान्यता अत्यधिक नूनको प्रयोगले उच्च रक्तचापको समस्या निम्त्याउने भएकाले खराब मानिन्छ। त्यसैले खानामा नुनको मात्रा नियन्त्रण गर्नुपर्छ। तर अत्यधिक चिनीको उपभोग तथा खराब किसिमका वा ग्लाईसिमिक इन्डेक्स धेरै भएको अवस्थामा कार्बोहाइड्रेटको पनि नियन्त्रण गर्नुपर्छ।

३. स्याचुरेटेड फ्याट र ट्रान्स फ्याटको सट्टा मोनो अनस्याचुरेटेड फ्याटको प्रयोग गर्ने। ओलिभ आयललाई सलादसँग नियमित रुपमा उपयोग गर्ने मेडिटेरीयन क्षेत्रका बासिन्दामा हृदयाघात तथा मुटुका अन्य समस्या कम पाईन्छ। गुणस्तरीय एक्स्ट्रा भर्जिन ओलिभ आयलको उपयोग गरौँ।

४. खानामा माछालाई हप्तामा कम्तीमा तीनपटकसम्म सेवन गरौँ। मुटुको रोग लागिसकेका व्यक्तिले फिस आयल क्याप्सुलको नियमित सेवन गरौँ। प्राकृतिक रुपमा पाईने तैलीय माछा र फिस आयल ओमेगा ३ फ्याटी एसिडका स्रोत हुन्।

५. ओलिभ ओइल ओमेगा ३ फ्याट्टी एसिडको स्रोत हो। तर प्रमुखतया भेजिटेवल आयलमा ओमेगा ६ फ्याट्टी एसिड हुन्छन् जसले शरीरमा आन्तरिक सूजनलाई बढाएर हृदयाघात तथा अन्य दीर्घरोग निम्त्याउँछन्। ओमेगा ३ ले असल कोलेस्ट्रोल एचडीएल कोलेस्टेरोलको मात्रा बढाउछन्। तसर्थ ओमेगा ३ फ्याट्टी एसिडयुक्त खानाको नियमित सेवन गरौँ र ओमेगा ६ को मात्रा नियन्त्रण गरौँ।

६. तनाव नियन्त्रण गरौं। किनभने तनावले आन्तरिक सूजनलाई बढाईदिन्छ। नियमित ध्यान गर्ने मान्छेको आयु लम्विने कुरा विज्ञानले पनि पुष्टि गरेको छ।

७. भिटामिन सप्लिमेन्ट गर्ने तथा एन्टिअक्सिडेन्ट भिटामिनहरु जस्तै बिटा क्यारोटिन, भिटामिन ए, भिटामिन सि, भिटामिन ई आदिको उपभोग गर्ने। साथै कोइन्जाइमक्यू १०, सेलेनियम आदिले पनि हृदयाघातबाट रोकथाम गर्छ।

८. दैनिक आधा घण्टादेखि पैतालिस मिनेटसम्म हल्का ब्यायाम गर्ने। हल्का व्यायामले असल कोलेस्टेरोललाई बढाउँछ तथा इन्सुलिन सेन्सिटिभिटीलाई वढाउँछ। यस्तै, टाईप २ डाईबिटिजलाई नियन्त्रण गर्छ र मानसिक स्वास्थ पनि राम्रो हुन्छ।

९. महिलाले दिनमा एक ड्रिंक रेड वाईन र पुरुषले दुई ड्रिंकसम्म उपभोग गर्दा एचडिएल बढ्छ र रगत पनि पातलो भई हृदयाघातको समस्या कम गराउँछ। तर जथाभावी रुपमा रक्सी पिउँदा उच्च रक्तचापको समस्या तथा डाईलेटेड कार्डियोमायोप्याथी जस्ता मुटुका समस्या निम्त्याउन सक्छन्। तसर्थ वाइन कम सेवन गर्दा फाईदा हुन्छ भने अत्यधिक सेवनले धेरै हानी पुर्‍याउँछ।

१०. गाढा हरियो सागसब्जी, ब्रोकाउली, फर्सी, राज्मा, गेडागुडी, सोया, तोफुवलगायतका सबै प्रकारका फलफूल दैनिक कम्तीमा तीन-चारपटक खानुपर्छ। खानामा फाईवरको मात्रालाई बढाउनुपर्छ, यसले कोलेस्टेरोल नियन्त्रण गर्छ।

११. काचो वा हल्का तेलमा भुटेर २ ३ केस्रा लसुनको प्रयोगले ट्राइग्लिसराइड नियन्त्रण गर्छ। यदि पहिले नै रगत पातलो बनाउने औषधिको उपभोग गर्नुहुन्छ भने चिकित्सकसँग परामर्श लिनुहोस् किनभने लसुनले रगतलाई पातलो बनाउँछ।

१२. कार्बोहाइड्रेटको सेवनलाई नियन्त्रण गर्ने तथा खानामा प्रोटिन र मिनरलयुक्त गाढा हरियो सागसब्जी तथा फलफूलको मात्रा बढाउँने।


१३. यदि उच्च रक्तचाप तथा मधुमेहको रोगी हुनुहुन्छ भने बेला बेलामा चिकित्सककहाँ गएर सल्लाह, सुझाव लिने गरौँ।

१४. शाकाहारी आहार मात्र सेवन गर्नेमा हृदयाघातको समस्या कम हुन्छ।

१५. शरीरमा होमोसिस्टिनको मात्रा बढ्दा पनि हृदयाघात तथा मस्तिस्काघातको समस्या बढ्छ। यो समस्या यात जन्मजात रुपमा देखिन्छ या भिटामिन बि ६ तथा भिटामिन बि १२ को कमीमा देखिन्छ। तसर्थ यसको उपचार वा रोकथाम गर्नुपर्छ। स्वास्थ्य खबरबाट




राजगढ गाउँ कार्यपालिकाको कार्यालय सप्तरी



अनुरोधकर्ता : विष्णुपुर गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

# ठक्करबाट गम्भिर घाइते भएका कर्मचारीको मृत्यु

**राजविराज**/गत फागुन ५ गते पूर्वपश्चिम राजमार्ग अन्तरगत सप्तरीको रुपनी गाउँपालिकाको जगमोहन भन्ने स्थानमा पिकअप भ्यानले मोटरसाइकललाई ठक्करबाट गम्भिर घाइते भएका एक व्यक्तिको मृत्यु भएको छ ।

राजविराजस्थित खानेपानी सरसफाई डिभिजन कार्यालयमा कार्यरत कर्मचारी सूर्य नारायण यादवको उपचारका क्रममा मृत्यु भएको हो ।

कामविशेषले जाँदै गर्दा उनीहरु चढेको मोटरसाइकललाई पछाडीबाट तिब्र गतिमा आउँदै गरेको माछा बोकेको लु.२च. ७९२८ नम्बरको पिकअप भ्यानले ठक्कर दिएको थियो ।

प्रहरीका अनुसार उक्त घटनामा गम्भिर घाइते भएका मोटरसाइकल चालक सप्तरीको विष्णुपुर गाउँपालिका ४ घर भएका ५२ वर्षिय यादवको बुधबार राती उपचारका क्रममा बिराटनगरस्थित न्यूरो अस्पतालमा मृत्यु भएको हो ।

सो दुर्घटनामा मोटरसाइकलमा सवार राजविराज नगरपालिका ७ का ४० वर्षिय दिपेन्द्र यादवको भने उपचार जारि रहेको प्रहरीले जनाएको छ ।

# ब्राउन सुगरसहित दुई पक्राउ

**राजविराज**/प्रहरीले सप्तरीको सप्तकोशी नगरपालिकाबाट प्रतिबन्धित लागुऔषध ब्राउन सुगरसहित दुई जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा उदयपुरको त्रियुगा नगरपालिका १३ का २६ वर्षिय सुमित चौधरी र चौदण्डि नगरपालिका ८ का ३४ वर्षिय विद्यानन्द चौधरी छन् ।

सप्तकोशी नगरपालिका अन्तरगत कंचनपुर-फत्तेपुर सडकखण्डबाट प्रदेश १-०५-००१ प.४५९३ नम्बरको मोटरसाइकलमा सवार उनीहरुको साथबाट ६ ग्राम ब्राउन सुगर जस्तो देखिने बस्तु फेला परेको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी माधप्रसाद काफ्लेले जानकारी दिएका छन् ।

पक्राउ परेकाहरुलाई सप्तरी जिल्ला अदालतबाट लागुऔषध मुद्दामा म्याद थपि थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# होली महोत्सव हुने

**राजविराज**/राजविराजमा होलि महोत्सवको आयोजना हुने भएको छ । कला संस्कृति संरक्षण विकास मञ्च सप्तरीको शुक्रबार बसेको बृहत बैठकले सो निर्णय गरेको हो ।

नगर प्रमुख शम्भु प्रसाद यादवको प्रमुख आतिथ्यमा सम्पन्न बैठकले महोत्सवको अवसरमा पौराणिक होली गायन प्रतियोगिता, मटका फोड तथा शुभकामना आदान प्रदान लगायतका कार्यक्रम गर्ने निर्णय भएको मञ्चका अध्यक्ष रामकुमार यादवले जानकारी दिए ।

यस पल्ट हिमाली र पहाडी जिल्लामा चैत ३ गते बिहीबार तथा तराई मधेशका जिल्लामा चैत ४ गते शुक्रबार होली पर्व मनाइने छ ।

# करेन्ट लागेर मृत्यु

**राजविराज**/सप्तरीको डाक्नेश्वरी नगरपालिका ९ पत्थरगाढामा एक जनाको करेन्ट लागेर मृत्यु भएको छ।

मृत्यु हुनेमा स्थानीय ४२ वर्षीय महादेव साह छन् । प्रहरीका अनुसार घर नजिककै रहेको पोखरीबाट मोटर जडान गरी नयाँ घरमा पानी पठाउने क्रममा बुधबार अचानक उनलाई करेन्ट लागेको थियो ।

करेन्ट लागेर घाइते भएका उनलाई तत्कालै उपचारका लागि राजविराजस्थित छिन्नमस्ता अस्पताल ल्याउँदै गर्दा मृत्यु भएको जिल्ला प्रहरी प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।




## राजविराज नगर कार्यपालिकाको कार्यालय सप्तरी


**डा. आदर्श कुमार सिंह**

**Dr. Adarsh Kumar Singh**

MBBS, MD TU

NMC Reg. No. : 9413

**कन्सलटेन्ट फिजिसियन**

मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

**डा. ललन प्रसाद रौनियार**

**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

वरिष्ठ नवजात शिशु तथा बालरोग

**सम्पर्क : जयश्री कृष्ण फार्मेशी**

गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी

**Phone :** 031-533774 / **Mo. No :** 9819721526, 9852820734


# अन्तर्राष्ट्रिय समाचार

## युक्रेनमा रूसी आक्रमणको निन्दा गर्ने प्रस्ताब विफल

**संयुक्त राष्ट्रसंघ**/युक्रेनविरुद्ध रूसको 'आक्रामण' लाई 'अत्यन्तै कडा शब्दमा' विरोध गर्दै रूसी फौज तुरुन्त फिर्ता लिन माग गरिएको सङ्कल्प प्रस्ताब संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्को बैठकबाट पारित हुन सकेन ।

शुक्रबारको रूसको आक्रमणको विरोध गरिएको उक्त प्रस्तावलाई रूसले भिटो लगाएका कारण विफल भएको हो ।

रुसी आक्रमणको गम्भीर निन्दा गरिएको संकल्प प्रस्तावको पक्षमा सुरक्षा परिषद्का १५ मध्ये ११ देशले मतदान गरेका थिए । प्रस्ताव पारित हुनका लागि ९ देशको मत परेको भए हुनेथियो । तर रुसले भिटो प्रयोग गरेर प्रस्ताव विफल पारेको हो ।

रुससहित अमेरिका, बेलायत, फ्रान्स र चीन सुरक्षा परिषद्का स्थायी सदस्य हुन् र उनीहरुमाथि भिटो शक्ति छ । रुसले आफ्नो निन्दा गरिएको प्रस्ताव विफल पार्नका लागि भिटो प्रयोग गरेको हो । प्रस्तावमाथि मतदान हुँदा भारत, चीन र युएई अनुपस्थित रहेका हुन् ।

संयुक्त राज्य अमेरिका र अल्बेनियाद्वारा सह-लेखन गरिएको यस प्रस्तावमा परिषद्का १५ सदस्यमध्ये ११ ले मतदान गरेका थिए भने चीन, भारत र संयुक्त अरब इमिरेट्सले सहभागिता जनाएनन् ।

परिषद्को स्थायी सदस्यको रूपमा मस्कोको भिटो शक्तिको कारण यो प्रस्तावना असफल हुने निश्चित प्रायः थियो । तथापि, यस बहसले सदस्य राष्ट्रहरूलाई रूसको छिमेकीविरुद्ध पूर्णआक्रमणको प्रक्षेपण गर्ने राष्ट्रपति भ्लादिमिर पुटिनको निर्णयको निन्दा गर्ने अवसर दिएको छ ।

मतदानपछि संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेर्रेसले युद्धले कसैलाई भलो नगर्ने जिकिर गर्दै भन्नुभयो, "सैनिक आफ्नो ब्यारेकमा फर्कनुपर्छ र नेताहरु वार्ता र शान्तिको बाटोमा लाग्नु पर्छ ।"

संयुक्त राष्ट्रसंघको मतदानपछि राष्ट्रसंघका लागि अमेरिकी राजदूतल लिन्डा थोमस-ग्रीनफिल्डले भन्नुभयो, "म एउटा कुरा स्पष्ट पार्न चाहन्छु । रुसले प्रस्तावलाई भिटो गर्न सक्नुहुन्छ, तर उसले हाम्रो आवाजलाई भिटो गर्न सक्दैन । सत्यलाई भिटो प्रयोग गर्न सक्दैन । उसले हाम्रो सिद्धान्तलाई भिटो गर्न सक्छ तर युक्रेनी जनतालाई भिटो गर्न सक्दैन ।"

प्रस्तावनामा बढी समर्थन जुटाउन मतदान हुनुभन्दा केही घण्टाअघि सुरक्षा परिषद्सामु राखिएको प्रस्तावना खाकामा रहेका शब्दलाई मतदान हुनुभन्दा केही घण्टा पहिले नरम बनाइएको थियो । जस्तै : प्रस्तावनामा रहेको 'निन्दा' शब्दको ठाउँमा 'गम्भीर असहमति' गरिएको थियो र सदस्यहरूलाई शान्ति पुनः स्थापना गर्न सैन्य कारबाही गर्न अनुमति दिन्छ भन्ने संयुक्त राष्ट्रसंघको बडापत्रको अध्याय सातको सन्दर्भलाई हटाइएको थियो ।

उक्त प्रस्तावनाले युक्रेनको सार्वभौमिकतालाई पुनः पुष्टि गर्‍यो र रूसलाई 'तुरुन्तै युक्रेन विरुद्ध बलको प्रयोग बन्द गर्न' आह्वान गरचो । अन्ततः ७० भन्दाबढी देशले यस प्रस्तावनाको सह-प्रायोजन गरे ।

संयुक्त राष्ट्रसंघका लागि बेलाइतका राजदूत बार्बरा वुडवर्डले भन्नुभयो, "गल्ती नगर्नुहोस्, रूस एक्लो छ । युक्रेनको आक्रमणलाई कसैको समर्थन छैन ।"

रूसको आक्रमणलाई 'उत्तेजक र हठी' भनी वर्णन गर्दै हामीलाई यस पहिले नै जानकारी भएझैं यसले अन्तरराष्ट्रिय प्रणालीलाई खतरामा पार्ने थोमस-ग्रिनफिल्डले बताउनुभएको थियो ।

संयुक्त राष्ट्रसंघका लागी रूसी राजदूत भासिली नेबेन्जियाले उक्त प्रस्तावनालाई 'रूसी र युक्रेनी विरोधी' भनेर विरोध जनाउनुभयो । उहाँले भन्नुभयो, "हामीलाई आक्रमण को सङ्ख्याको आधारमा अमेरिकासँग प्रतिस्पर्धा गर्न कठिन छ । तपाईंले नैतिकता कायम गर्न सक्नुहुन्न ।"

युक्रेनी राजदूत सर्गिय किस्लित्स्याले सदस्यलाई 'शान्तिको लागि प्रार्थना गर्न' आग्रह गर्दै केही समय हान्त बनेको सुरक्षा परिषद्को बैठक कक्षमा उभिनुभएको थियो । उहाँले नबेन्जियालाई पनि 'मुक्तिको निम्ति प्रार्थना' गर्न आग्रह गर्नुभएको थियो ।

किस्लित्स्याले "रूस नाजी शैलीको कार्यलाई निरन्तरता दिन उत्सुक रहेको आरोप लगाउँदा सहभागी सदस्यले व्यापकरूपमा ताली बजाएका थिए ।

आफ्नो देशको अपनत्व माथिको व्याख्या गर्दै चिनियाँ राजदूत झाङ जुनले नाटो विस्तारबारे उल्लेख गर्दै भन्नुभयो, "रूसको वैधानिक सुरक्षा आकांक्षालाई ध्यान दिएर उचित सम्बोधन गर्नुपर्छ ।" एजेन्सी

## वार्ताको ढोका खुल्ला राख्न रुसलाई फ्रान्सेली राष्ट्रपतिको आग्रह

**ब्रसेल्स**/फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रौंले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनलाई युक्रेनसँग वार्ताको ढोका खुला राख्न आग्रह गर्नुभएको छ । उहाँहरुका बीचमा हिजो भएको फोनवार्ताका क्रममा फ्रान्सेली राष्ट्रपति म्याक्रौंले सो धारणा राख्नुभएको हो ।

रुसले युक्रेनमा आक्रमण गरेको दोस्रो दिन शुक्रबार उहाँहरुका बीचमा फोनमा कुराकानी भएको थियो । त्यसक्रममा राष्ट्रपति म्याँक्रोले वार्ताको ढोका खुल्ला राख्दा त्यसले जतिसक्दो चाँडो युद्धविरामको वातावरण बन्न सक्ने बताउनुभएको हो ।

रुसले आक्रमण गरेको दोस्रो दिन रुसी सैनिक युक्रेनको राजधानी किभ पुगेका छन् । राजधानी किभको उत्तरी भेगमा रुसी सेना पुगेको युक्रेनले जनाएको छ । यहाँका नागरिकले सामाजिक सञ्जालमा राखेका भिडिओमा रुसी सेनाका टयाङ्कर युक्रेनको राजधानी किभ क्षेत्रमा गुडिरहेको देखिएको छ ।

आमक्रमणको दोस्रो दिन शुक्रबार राजधानी किभ पुगेको रुसी सेनाबाट सहरको रक्षा गर्न युक्रेनी सैन्य गाडी किभमा परिचालन गरिएको त्यहाँको आन्तरिक मामिला मन्त्रालयले जनाएको छ । युक्रेनले पूर्णरुपमा सेना परिचालन गरेको बताएको छ ।

युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्सकीले यहाँ आमरूपमा सेना परिचालनको आदेश दिनुभएको छ । यहाँ अतिरिक्त ड्युटीमा रहेका र जगेडामा रहेका सेनालाई काममा बोलाइएको छ । त्यसैगरी यहाँका युवा जनशक्तिले पनि रुसी सेनाका विरुद्धमा लड्नुपर्ने भएको छ । यहाँका १८ देखि ६० वर्षका पुरुषले देश छाड्न नपाउने घोषणा गरिएको छ । एजेन्सी

# राजविराज प्रिमियर लिग सुरु



**राजविराज**/राजविराज प्रिमियर लिग टि-ट्वान्टी क्रिकेट प्रतियोगिता शनिबारदेखी सुरु भएको छ।

स्थानिय पविमाविको खेल मैदानमा सुरु भएको उक्त प्रतियोगिताको नगर प्रमुख शम्भु प्रसाद यादवले ब्याटिङ, उपप्रमुख साधना झाले बलिङ तथा वडा अध्यक्ष समिर झाले अम्पायरिङ गर्दै प्रतियोगिताको उद्घाटन गरेका छन्।

प्रतियोगिताको उद्घाटन खेलमा वडा ३ क्रिकेट क्लबले वडा १ क्रिकेट क्लबलाई ९ विकेटले हराउँदै बिजयी सुरुवात गरेको छ।

टस जितेर ब्याटिङ गर्दै वडा १ क्रिकेट क्लबले १५ दशमलब ५ ओभरमा सम्पूर्ण विकेट गुमाई १ सय १७ रनको चुनौती पेश गरेको थियो।

जवाफि ब्याटिङमा उत्रेका वडा ३ क्रिकेट क्लबले १० दशमलब ४ ओभरमै बिजयी लक्ष्य हासिल गरेको थियो। उक्त खेलको म्यान अफ दि म्याच बिजयी टिमका रबिन सिंह घोषित भए।

राजविराज नगरपालिका तथा अन्य संघसंस्थाको सहयोग र वडा ५ कार्यालयको आयोजनामा संचालित प्रतियोगितामा कुल ६ वटा टिमको सहभागिता रहेको वडा अध्यक्ष समिर झाले बताए।

प्रतियोगिताको प्रथम हुने टिमलाई नगद ५१ हजारसहित ट्रफि र मेडल प्रदान गरिने छ। यस्तै दोश्रो हुने टिमलाई २५ हजार नगदसहित ट्रफि र मेडल प्रदान गरिने छ।

उद्घाटन समारोहको संचालन क्रिकेटर पवन दासले तथा अतिथिहरुको स्वागत वडा सदस्य गंगासागर गुप्ताले गरेका थिए। फागुन २० गतेसम्म चल्ने प्रतियोगितामा उत्कृष्ट बलर र उत्कृष्ट ब्याट्सम्यानलाई पनि पुरस्कार प्रदान गरिने आयोजक समितिले जनाएको छ।

# प्रमुखको दौडमा दुई दर्जन

**राजविराज**/राजविराज नगरपालिकाको प्रमुख पदका लागि विभिन्न दलका गरि दुई दर्जन नेताहरु दौडमा रहेका छन्।

स्थानिय तहको निर्वाचन आगामी बैशाख ३० गते हुने कार्य तालिका रहेको छ। १६ वडा रहेको राजविराज नगरपालिकामा हाल कुल मतदाताको संख्या ४० हजार ३६ रहेको छ भने मतदानका लागि नगर क्षेत्रभित्र कुल २७ वटा मतदाता केन्द्र कायम गरिएको जिल्ला निर्वाचन कार्यालय सप्तरीले जनाएको छ।

यता स्थानिय तहको निर्वाचन मिति तय भएसँगै जिल्लाको १८ वटै स्थानिय तहमा अहिले सर्वाधिक चर्चा राजविराज नगरपालिकाकै रहेको छ।

नेपाली काग्रेसबाट ध्रुब देव, मो. इर्साद अन्सारी, शम्भुलाल देव, अनिल यादव, प्रभातकुमार ललन, बिन्देश्वर साह बिन्दीको नाम यति बेला नगर प्रमुख पदका लागि चर्चामा छ।

यस्तै नेकपा एमालेबाट राजविराज नगरपालिकाको प्रमुख पदका लागि नुरुल होदा अंसारी, प्रभाकर सिंह, सुखराम यादव र अखिलेश झाले प्रस्तुत गरेका छन्। यस्तै नेकपा माओवादी केन्द्रबाट महेश यादव, मो. गणि मियाँ र केदार देव मध्येबाट एक जनाको चयन गरिने सो पार्टीले जनाएको छ।

यस्तै जनता समाजवादी पार्टी (जसपा) बाट भिमराज यादव र वर्तमान नगरप्रमुख शम्भु प्रसाद यादवले सक्रियता बढाएका छन्।

यसैगरि लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) बाट दिपेन्द्र चौधरी, साधना झा र सुनिल झाले नगर प्रमुख पदको दाबेदारी प्रस्तुत गर्दै जनसम्कर्प अभियान तिब्र बनाएका छन्।

नेकपा एकीकृत समाजवादीबाट नथुनी दास, प्रताप नारायण चौधरी र अरुण देवले तथा सिके राउत नेतृत्वको जनमत पार्टीबाट इन्जिनियर अमर यादव तथा नारायण यादवले दाबी प्रस्तुत गरेको सो पार्टीले जनाएको छ।

राष्ट्रिय प्रजातन्त्र पार्टीबाट काँग्रेस परित्याग गरि हालै प्रवेश गरेका उमेश प्रसाद साहले टिकट पाउने लगभग निश्चित रहेको पार्टी श्रोतको भनाई छ।

### एक पक्षिय ढंगले...

सचिवमा बिजय कुमार राय, सहसचिव त्रेयमा जयनारायण यादव, विद्यानन्द चौधरी, रन्जु कुमारी साह र कोषाध्यक्षमा मनोजकुमार झालाई नियुक्त गरिएको छ।

यसैगरि कार्यकारिणी सदस्यहरुमा बिरेन्द्र कुमार यादव, शत्रुधन मण्डल, जिवछ मण्डल, अनारदेवी राम, लक्ष्मी देवी रजक, रबिन्द्र कुमार मण्डल तथा सदस्यहरुमा शुभचन्द्र झा, रघुनाथ मेहता, विष्णुप्रसाद गुप्ता लगायतका रहेका छन्।

# मधेश प्रदेशस्तरिय क्रिकेट कोचलाई बेलायती प्रशिक्षकद्वारा प्रशिक्षण




**राजबिराज**/नेपाल क्रिकेट फाउन्डेसन र सप्तरी क्रिकेट संघको आयोजनामा मधेश प्रदेशस्तरिय क्रिकेट कोचलाई बेलायत प्रशिक्षकद्वारा दुई दिने प्रशिक्षण दिइएको छ।

शुक्रवारदेखी राजबिराजस्थित पबि माबि खेल मैदानमा मधेश प्रदेशका विभिन्न जिल्लाबाट आएका महिला र पुरूष सम्मलित २५ जना क्रिकेट कोचलाई बेलायती कोचद्वारा प्रशिक्षण दिइएको हो।

मधेश प्रदेशमा कोचहरूको उत्पादन तथा उनीहरूको क्षमता अभिबृद्विका लागि र दक्ष खेलाडी उत्पादनमा टेवा पुग्ने उद्देश्यले दुई दिने प्रशिक्षण कार्यक्रम गरेको सप्तरी क्रिकेट संघका अध्यक्ष आयुष श्रेष्ठले जानकारी दिए।

सो तालिममा बेलायतस्थित ईंग्लयान्ड क्रिकेट बोर्डको लेवल थ्रि कोच लिबुथ र सारा बेगका साथै बेलायतको लर्डस्थित मारलिब्रोनका निर्देशक एगंगुस बेरीले प्रशिक्षित गरेका थिए।

जिल्लामा पुरूष र महिलाहरूलाई क्रिकेटप्रति उत्प्रेरणा जगाउन तथा खेलमा सहभागिता जनाउनुका लागि र जिल्ला कोचको उत्पादन र क्षमता अभिबृद्विका तथा खेलाडीहरू उत्पादन गर्ने उद्देश्यले प्रशिक्षित गरेको क्रिकेट संघका सचिव चन्दनकुमार यादबले बताए।

नेपाल क्रिकेट फाउन्डेशनका कार्यकारी निर्देशक अभिशेक श्रेष्ठ र बोर्डका सदस्य बिना झाको उपस्थितिमा प्रशिक्षण दिइएको हो।

यस अघि फागुन ८ गते देखि १२ सम्म मधेश प्रदेश का ३५ जना महिला खेलाडीहरूलाई समेत प्रशिक्षण सम्पन्न गरेको फाउन्डेशनका निर्देशक अभिषेक श्रेष्ठले बताए।


# हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**

**अग्निसाइर कृष्णासवरण गाउँपालिका, सप्तरी**

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**

राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit | CITY EXPRESS MONEY TRANSFER | Best Remit Quick & Easy | PRABHU Money Transfer प्रभुको इच्छा रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम | IME International Money Express | himal remit हिमालरेमिट | CG Money


**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*